# जिजीबिषा

एम पी सागर
क्यालगेरी, २०१२.

सुस्केरा फिजारेर सिरानी भरि

फेरी आर्को एउटा रात पसारिएको छ लमतन्न

निर्जीव प्राय बनिसकेको अजिंगर जस्तो

फेरी उही आहारा खोज्छ के अचम्म?

सायद यसैलाई हो जिजीबिषा भनेका मान्छेहरुले!

वल्लो घाट न पारि तीर

हावाको झोक्काले ढलपल  ढलपल

डुबिने पीर र उत्रिने आशासंग

एउटा सानो डुंगा जस्तो

शान्त तर छालहरुको विपरीत दिशामा

जीवन निरन्तर बगिरहेछ

सायद यसैलाई हो जिजीबिषा भनेका मान्छेहरुले !

होला नित भन्दा भन्दै

दैव छ नीत भन्दाभन्दै

दैवले हरेको नजान्ने छुसी बनेर

कोलाहलपूर्ण अट्टहासले

दीन ढाक्ने दैनन्दिनी

सायद यसैलाई हो जिजीबिषा भनेका मान्छे हरुले !

यो भानुजयन्ती

पोहोरको भानु जयन्ति

आगुमको भानु जयन्ति

कविता लेखेको लेख्यै

मनको शान्ती त देखाएको मात्रै हो

उकुसमुकुस , छटपटाहट

सायद यसैलाई हो जिजीबिषा भनेका मान्छे हरुले !

भानु जयन्ती, जुलाई १४, २०१२

एड्मन्टन् क्यानाडा ।